# लोमन्थाङ राजपत्र

**लोमन्थाङ गाउँपालिकाद्वारा प्रकाशित**

खण्डः (९) लोमन्थाङ, मुस्ताङ, अषाढ १८ गते, २०८२ साल (संख्याः२)

# भाग-२

## लोमन्थाङ गाउँपालिका आर्थिक सहायता सम्बन्धी कार्यविधि,२०८२

**प्रस्तावनाः** यस लोमन्थाङ गाउँपालिकामा रहेका गरीव बिपन्न, असहायहरु, विभिन्न रोगबाट पीडित तथा ग्रसित दिर्धरोगी, दुर्घटनामा परेको, शल्यक्रिया गर्नुपर्ने अवस्थाम रहेका व्यक्तिहरु, वन्यजन्तुबाट पीडित व्यक्तिहरु र सामाजिक क्षेत्रमा क्रियासिल संघ, संगठनहरु सँगको सहकार्य तथा सहयोगको अपेक्षालाई व्यवस्थापन गर्न लोमन्थाङ गाउँपालिकाले स्थानीय सरकार संञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम लोमन्थाङ गाउँपालिका आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०८२ बनाई गाउँ कार्यपालिकाको बैठकबाट पारित गरी जारी गरिएको छ।

## परिच्छेद-१

प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यो निर्देशिकाको नामः लोमन्थाङ गाउँपालिका आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०८२ रहेको छ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाको बैठकबाट पारित भएको मितिदेखि लागु हुनेछ।

**२. परिभाषा**

(१) विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) ऐन भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनुपर्छ।

(ख) गाउँपालिका भन्नाले लोमन्थाङ गाउँपालिकालाई सम्झनुपर्छ।

(ग) कार्यपालिका भन्नाले लोमन्थाङ गाउँकार्यपालिकालाई सम्झनुपर्छ।

(घ) कार्यालय भन्नाले गाउँपालिका रहेको कार्यकाललाई सम्झनुपर्छ।

(ङ) आर्थिक सहायता भन्नाले लोमन्थाङ गाउँपालिकाबाट प्रदान गरिने आर्थिक सहयोग सम्झनुपर्छ।

## परिच्छेद-२

**आर्थिक सहायता सम्बन्धी मापदण्ड**

३. लोमन्थाङ गाउँपालिकाबाट प्रदान गरिने आर्थिक सहायताको मापदण्ड देहाय बमोजिम हुनेछ।

(क) दुर्घटनाः गाउँपालिकाबासी कुनै ठूलो दुर्धटनामा परि अंगभंग हुन गई तत्काल उपचार गराउन पर्ने अवस्था भएको तथा गरिबी र विपन्नताका कारण पारिवारिक आर्थिक स्रोत

नभएको अवस्थामा निजलाई अवस्था हेरी एक पटकमा ५ हजार देखि २५ हजारसम्म उपलब्ध गराउन सकिनेछ।

(ख) **दिर्घरोगीः** गाउँपालिकाबासीमध्ये दीर्घरोगी (किड्नी फेल तथा डाइलाईसिस गर्ने अवस्था, मुटुको उपचार, मृगौला उपचार, मृगौला रोग, क्यान्सर, पार्किन्सस, अल्जाईमर, स्पाईनल ईनजुरी र सिकलसेल एनिमिया आदि) लागेको अवस्था भएको तर गरिबी र विपन्नताको कारण पारिवारिक आर्थिक स्रोत नभएकाले उपचार गराउन नसकी समस्यामा परेको व्यक्तिलाई अवस्था हेरी एक पटकमा ५ हजारदेखि ४५ हजारसम्म उपलब्ध गराउने।

(ग) **असहायः** यस गाउँपालिकामा बसोबास गर्ने कुनै व्यक्तिको एकघरको परिवार, सहोदर नाता लाग्ने व्यक्ति र कुनै पनि प्रकारका आफन्तजन भई वेवारिसे अवस्थामा रहेको र अन्यको आश्रय लिनु परेको, आर्थिक उपार्जन तथा काम गरेर खान नसक्ने अवस्था भएको गाउँपालिकाबासीले सहयोग माग गरेमा त्यस्ता असहायको अवस्था हेरी एक पटकमा रु.५ हजार देखि रु. २० हजारसम्म सहायता दिन सकिने छ।

४. **भवितव्य प्राकृतिक प्रकोप** तथा बन्यजन्तुले गोठ, घरपालुवा जनावर र बालीनालीमा क्षति पुर्याएमा स्थानीय सर्जमिन, प्रहरी मुचुल्का, एवं वडा कार्यालयको सिफारिसका आधारमा बढीमा रु. २५,०००(पच्चीस हजार रुपैया) सम्म प्रदान गर्न सकिने छ। यस बाहेक भवितव्य प्राकृतिक प्रकोपबाट कुनै अकल्पनीय, गम्भीर तथा जटिल प्रकारका क्षति भई यस दफामा उल्लेखित भन्दा थप आर्थिक सहायता गर्नुपर्ने अवस्था सृजना भएमा कार्यपलिका बैठकमा पेश गरी आवश्यक आर्थिक सहायताको लागि सिफारिस गर्न सकिने छ। लोमन्थाङ गाउँपालिकाको अथवा कार्यालयको काममा आदँदा वा फर्किदा कुनै जनप्रतिनिधि वा कर्मचारी दुर्घटनामा परी घाइते

लोमन्थाङ गाउँपालिका

भएमा बढीमा रु ४५ हजारसम्म र मृत्यु नै भएमा बढीमा रु ५ लाख सम्म आर्थिक सहुलियत उपलब्ध गराउन सकिनेछ।

५. **बेवास्तामा परेका ज्येष्ट नागरिक सहायताः** ६० वर्ष उमेर पुगेका परिवारका सदस्यले बेवास्ता गरी भिन्न बसेका विपन्न, रोगी र अशक्त ज्येष्ट नागरिकले गाउँपालिकामा सहयोगको लागि भनिआएमा निजको अवस्था हेरि एक पटकमा रु ५००० देखि २० हजारसम्म आर्थिक सहायता दिई पुनः स्थापनको लागि आवश्यक पहल गर्न सकिने छ तर गाउँपालिकाबाट नियमित सामाजिक सुरक्षा रकम बुझ्ने नागरिकको हकमा यो सुविधा पाइने छैन।

६. **मृत्यु दहसंस्कार सहायताः**

(१) आर्थिक रुपमा विपन्न परिवारमा दुर्घटना अथवा भवितव्यको कारण मृत्यु भई सोको पोष्टमार्टम गर्न नसक्ने परिवारलाई पोष्टमार्टम गर्न, बेवारिसे शव फेला परेमा व्यवस्थापन गर्न र दाहसंस्कार तथा काजक्रिया गर्न नसक्ने अवस्थामा भएका गाउँवासिलाई गाउँपालिकाबाट एकमुष्ठ रुपमा रु २५ हजारदेखि ४५ हजारसम्म आर्थिक सहायता दिन सकिने छ।

(२) उपदफा (१) बमोजिम सहायता दिन सिफारिस गर्दा सम्बन्धित वडा कार्यालयले निजको परिवारको नियमित आम्दानीको स्रोत नभएको, कुनै व्यापार व्यवसाय नभएको व्यक्तिलाई सिफारिस गर्नुपर्ने छ।उल्लेखित व्यहोरा आईपरेमा गाउँपालिकाको कर्मचारी तथा जनप्रतिनिधिहरुलाई समेत गाउँकार्यपालिकाको निर्णयबाट आर्थिक सहायताको लागि यथोचित रकम सहायता दिन सकिने छ।

७. यस कार्यविधिको दफा ३ (क) र (ख) बमोजिम सहायताको लागि सरकारी अस्पतालका चिकित्सकको सिफारिस अनिवार्य हुनेछ र दफा ३(ग) बमोजिमको सहायता लोमन्थाङ वडा कार्यालयको सिफारिसमा गाउँपालिकाबाट उपलब्ध गराइने छ।

८. कार्यविधिको दफा ४ बमोजिम उपलब्ध हुने आर्थिक सहायताको सिफारिस गर्दा सम्बन्धित वडा अध्यक्षले पीडित व्यक्तिले अन्यत्र कुनै सरकारी निकायबाट सहायता नलिएको वा सहायरा प्राप्त गर्ने सम्भावना नरहेको अवस्थामा मात्र सिफारिस गर्नु पर्नेछ।

९. **संघ संगठनः** यस गाउँपालिकामा स्थापना भएका, दर्ता नभएका, सूचीकृत भएका वा न्यूनतम् गाउँपालाकको क्षेत्रको हित अनुकुल हुने गरी स्थानीय, राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरको खेलमा तथा साँस्कृतिक कार्यक्रम र प्रकृति, सामाजिक क्षेत्रको कार्यमा सहयोग पुर्याउने विभिन्न कार्यक्रमहरु संचालन गर्ने संघ संगठनले आयोजना गरेका सामाजिक कार्यहरुमा गाउँपालिकाबाट देहाय बमोजिमका आर्थिक सहायता प्रदान गरी सहकार्य गरिने छ। उक्त कार्यक्रम जिल्ला तथा पालिकाको पर्यटन प्रवर्द्धन, पालिकाको विकास लगायतका क्षेत्रमा सकरात्मक प्रभाव पार्ने हुनु पर्ने छ। क्लब तथा संघ संस्थाहरुको वार्षिक साधारण सभा, वार्षिक नियमित कार्यहरुमा सहयोग प्रदान हुने छैन।

**(१) वडा, पालिका र जिल्ला स्तर कार्यक्रमः**

(क) पालिका स्तरका संघ/संस्थाले आयोजना गरेको कार्यक्रममा एक पटक रु ५ हजारदेखि ५० हजारसम्म वडाको सिफारिसमा उपलब्ध गराउने।

(ख) जिल्ला स्तरको संघ/संस्थाले आयोजना गरेकोमा कार्यक्रमको प्रकृति र अवस्था हेरी एक पटकमा रु १० हजारदेखि ७५ हजार सम्म पालिकाको योजना शाखाको सिफारिसमा प्रदान गर्न सकिने छ।

लोमन्थाङ गाउँपालिका

**(२) प्रदेश र केन्द्र स्तर कार्यक्रमः**

(क) प्रदेश तथा राष्ट्रियस्तरका संघ/संस्थाले आयोजना गरेको कार्यक्रममा कार्यक्रमको प्रकृति र अवस्था हेरी एक पटक रु ५० हजार देखि १ लाख सम्म।

(ख) अन्तराष्ट्रिय स्तरमा संचालित हुने खेलकुद तथा कार्यक्रमका लागि कार्यपालिकाको निर्णय बमोजिम आर्थिक सहायता उपलब्ध गराईनेछ।

१०. **संस्थागत सहायता कार्यक्रमः** (१) उल्लेखित प्रकृति र अन्य सामाजिक क्षेत्रको कार्यमा सहयोग पुर्याउन विभिन्न कार्यक्रमहरु संचालन गर्ने संघ संस्थाहरुलाई कार्यक्रम सहयोग स्वरुप निवेदन पेश हुन आएमा र समितिले मानसिव ठहराईएमा एकमुष्ठ रुपमा बढीमा रु.१,००,०००।— (अक्षरुपी एक लाख) सम्म आर्थिक सहायता दिई सहयोग गर्न सकिनेछ।

## परिच्छेद-३

## कोषको व्यवस्था तथा सञ्चालन

**११. कल्याणकारी कोषको स्थापनाः**

(१) यस कार्यविधि अनुसार आर्थिक सहयोग दिन, उद्दार तथा पुनः स्थापना गर्ने प्रयोजनको लागि एक कल्याणकारी कोषको स्थापना गरिनेछ। त्यस कोषमा देहायका रकम जम्मा गरिनेछ।

(क) संघीय सरकार, प्रदेश सरकार, गाउँसभाबाट विनियोजित भएको अनुदान रकम,

(ख) सरकारी तथा गैरसरकारी संघ संस्था, व्यक्ति तथा निजी क्षेत्रबाट आर्थिक सहायताको लागि प्राप्त जुनसुकै सहयोग रकम,

(ग) आर्थिक सहायता, प्राकृति प्रकोप पीडितको उद्दार, राहत तथा पुनर्स्थापनाको लागि प्राप्त जुनसुकै रकम,

लोमन्थाङ गाउँपालिका

**१२. कोष सञ्चालन समिति, कोष सञ्चालन तथा लेखापरिक्षणको व्यवस्थाः**

(१) नियम ११ अनुसारको गाउँपालिकाको कल्याणकारी कोषको आर्थिक सहायताको रकमको निर्णय गर्न र अनुगमन गर्न देहाय बमोजिमको समिति रहनेछ।

| | |
|---|---|
| अध्यक्ष | -अध्यक्ष |
| उपाध्यक्ष | -सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| गाउँपालिका अध्यक्षले तोकेको गाउँकार्यपालिकाको सदस्य | -सदस्य |
| गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख | -सदस्य |
| विपद् व्यवस्थापन शाखा प्रमुख | -सदस्य सचिव |

(२) **भुक्तानी प्रक्रियाः** गाउँपालिका अध्यक्षको तोक आदेशमा कोषको संचालन प्रमुख प्रशासकीय अधिकृत र लेख प्रमुखको संयुक्त दस्तखतबाट देहाय बमोजिम हुने छ।

(१) **मानविय सहायताः** दफा ३ को दफा (क)(ख) र (ग) बमोजिमको आर्थिक सहायताको भुक्तानी गर्दा आवश्यक कागजातहरु यस प्रकार हुनेछः

(क) निवेदन, नागरिकता, आवश्यकता अनुसार वडा कार्यालयको सिफारिस।

(ख) उपचारको हकमा अस्पतालको अधिकारिक चिकित्सकको सिफारिस पत्र भएको हुनु पर्ने छ।

(२) संघ/संगठनको हकमा अधिकारिक पत्र भएको हुनु पर्ने छ।

(३) सहायता रकम चेक मार्फत उपलब्ध गराउने पर्नेछ तर संघ/संगठनको हकमा AC/Payee मार्फत भुक्तानी हुनेछ।

(४) गाउँसभाले विनियोजन गरेको बजेटको परिधिभित्र रही एक व्यक्ति, संघ/संगठनलाई एक वर्षमा १ पटक भन्दा बढी आर्थिक सहयोग गरिने छैन।

१३. **निवेदनः** नियम ३ देखि १० सम्म उल्लेखित क्षेत्रमा सहायता पाउन अनुसूची १ को ढाँचामा निवेदन दिनु पर्नेछ।

## परिच्छेद ४

## विविध

१४. **आर्थिक सहायता सम्बन्धओ विशेष व्यवस्थाः** (१) गाउँको सामाजिक, आर्थिक, राजनैतिक, साहित्य, साँस्कृतिक, कला, विज्ञान, स्वास्थ्य, शैक्षिक, पूर्वाधार विकास जस्ता विषयमा उल्लेख्य योगदान दिने व्यक्तिलाई निजको परिवारको कुनै सदस्यको स्वास्थ्य अवस्था नाजुक भएकोमा एकपटकलाई बढीमा ७५ हजारसम्म आर्थिक सहयोग गर्न सकिनेछ।

(२) गाउँपालिका कार्यालयको कामको सिलसिलामा आउँदा वा फर्किदाखेति कुनै जनप्रतिनिधि वा कर्मचारी आकस्मिक रुपमा दुर्घटना परि घाइते भएमा अवस्था हेरी बढीमा रु ५०,०००। (पचास हजार) र मृत्यू नै भएमा निजको हकवालालाई बढीमा रु ५,००,०००।(पाँच लाख) सम्म आर्थिक सहयोग गर्न सकिनेछ।

१५. **संशोधन तथा परिमार्जनः** यस कार्यविधिलाई व्यवस्थित बनाउन आवश्यकता अनुसार गाउँकार्यपालिकाबाट संशोधन तथा परिमार्जन गर्न सकिने छ।

१६. **खारेजी तथा बचाउः** यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा यसै अनुसार र अन्य प्रचलित कानूनसँग बाझिएको हदसम्म अमान्य हुनेछ। साथै गाउँकार्यपालिकाबाट यस आर्थिक वर्षमा आर्थिक सहयोग सम्बन्धमा भएका निर्णयहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

लोमन्थाङ गाउँपालिका

# अनुसूची-१

निवेदनको ढाँचा

(दफा १३ संग सम्बन्धित)

मितिः

श्रीमान् अध्यक्ष/प्रमुख प्रशासकीय अधिकृतज्यू,
लोमन्थाङ गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, लोमन्थाङ,
मुस्ताङ, गण्डकी प्रदेश, नेपाल।

विषयः आर्थिक सहायता उपलव्ध गराईदिने सम्बन्धमा।

महोदय,

प्रस्तुत विषयमा म र हामी ............................................. रोगले ग्रसित भई, समस्यामा परि ...................................... गर्नुपर्ने व्यहोरा अवगत गराउँदुछु/छौं। उपचार र ......................... को लागि म र मेरो परिवारको आर्थिक अवस्था नाजुक भएकाले सो को लागि त्यस कार्यालयको निम्नानुसार आर्थिक सहायता उपलब्ध गराइदिनु हुन तपसिलका कागजातहरु यसैसाथ संलग्न गरी पेश गर्दछु/छौं।

तपसिलः

१. आर्थिक रुपले विपन्न भएको सिफारिस तथा प्रमाणित प्रतिलिपि।
२. नागरिकता, जन्म दर्ता, विवाह दर्ता .......................... को प्रतिलिपि।
३. अस्पताल/सम्वन्धित निकायको रिपोर्ट।
४. वडा अध्यक्ष/स्वास्थ्य संयोजक/सम्बन्धित निकायको जिम्मेवार पदाधिकारीको सिफारिस।

लोमन्थाङ गाउँपालिका